सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँ समक्ष राष्ट्रिय मानव अधिकार आयोग, सुदूरपश्चिम प्रदेश कार्यालयका प्रमुख हरिप्रसाद ज्ञवाली सोमबार आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन बुझाउँदै । तस्बिर: मीन ठकुरी/रासस

सुक्खा क्षेत्रमा सौर्य ऊर्जामार्फत सिँचाइ

मिला दरै

डुम्रे (तनहुँ), १४ साउन रासस । जिल्लाको देवघाट गाउँपालिका-२बेसारघारीमा ३५ हेक्टर क्षेत्रफलमा अहिले सिँचाइ पुगेको छ । आकाशे पानीको भरमा यहाँका सुन्तलाखेती गर्दै आएका यहाँका किसान अहिले सौर्य ऊर्जामार्फत सिँचाइ सुविधा पाउँदा उत्साहित भएका छन् । भिरालो र सुक्खा क्षेत्रमा सिँचाइको अभावमा समस्या झेल्दै आएका किसानलाई सौर्य ऊर्जामार्फत सिँचाइ पुगेपछि सहज भएको हो ।एक सय चार मिटर उचाइमा रहेका सुन्तलाबारीमा लिफ्टिङ प्रविधिबाट सिँचाइका सुविधा पुगेपछि खेती गर्न सहज भएको किसान तिलबहादुर थापाले बताउनुभयो । बेसारघारी सिँचाइ आयोजनाअन्तर्गत उपभोक्ता समितिका अध्यक्षसमेत रहनुभएका थापाले भन्नुभयो, "यहाँका बासिन्दालाई सिँचाइमा समस्या थियो । हामीले आकाशे पानीको भरमा परम्परागत विधिबाट खेती गर्दै आएका थियौं । सोलार प्रविधिबाट पानी तानेर अहिले सहज रूपमा सिँचाइ गर्न पाएका छौं ।" सहज सिँचाइ सुविधा पाएपछि अहिले व्यावसायिक रूपमा सुन्तलासँगै अन्य खेतीतर्फ जोडिँदै गएको थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "केही फाइदा र बेफाइदा हुने रहेछ । पानीको मुहान सुक्दा समस्या हुन्छ । पहिलेभन्दा सहज भएको छ । सिँचाइका लागि मुहानमा पर्याप्त पानी आवश्यक पर्दछ ।" देवघाट-२ बेसारघारीमा सौर्य ऊर्जाका माध्यमबाट पानी लिफ्टिङ गरी सिँचाइको व्यवस्था गरिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय तनहुँका सूचना अधिकारी इन्जिनियर जगन्नाथ चापागाईंले जानकारी दिनुभयो । उहाँका अनुसार रु एक करोड २१ लाखको लागतमा बेसारघारी लिफ्टिङ योजना निर्माण गरिएको हो ।

बन्दीपुर गाउँपालिका-३ मा कोल्पाटा सिँचाइ आयोजनामार्फत १२ हेक्टर क्षेत्रफलमा सिँचाइ पुऱ्याइएको छ । रु ५१ लाख ८७ हजारको लागतमा उक्त आयोजना निर्माण भएको सूचना अधिकारी चापागाईंले बताउनुभयो ।व्यास नगरपालिका-६ चापाटार स्थित याङ्दी खोला सिँचाइ योजनामार्फत रु ५७ लाख २२ हजारको लागतमा सिँचाइ सुविधा पुऱ्याइएको छ। यसले १५ हेक्टर क्षेत्रफलमध्ये १२ हेक्टरमा सिँचाइ हुने उहाँले जानकारी दिनुभयो। भानु नगरपालिका-१० स्थित पदेलफाँट लुइँटेलफाँट सिँचाइ आयोजना निर्माणाधीन छ। यसले १२ हेक्टर क्षेत्रफलमा सिँचाइ पुग्ने कार्यालयले जनाएको छ। उक्त आयोजना रु ६५ लाख ८० हजारमा निर्माण भइरहेको छ । आर्थिक वर्ष २०७९/८० मा शुक्लागण्डकी नगरपालिका-१० स्थित लोग्दीटारमा स्थानीय क्याङ्दी खोलाबाट लिफ्ट प्रविधिबाट सिँचाइको सुविधा उपलब्ध गराइएको थियो । क्याङ्दी खोलामा सम्पवेल निर्माण गरी ७० मिटर उचाइमा लिफ्टमार्फत पानी तानेर दुईवटा ट्याङ्कीमा पानी सङ्कलन गरिएको सूचना अधिकारी चापागाईंले उल्लेख गर्नुभयो । "ट्याङ्कीमा सङ्कलित पानी करिब चार किलोमिटर क्षेत्रफलमा पाइप बिछ्याएर प्लट-प्लटमा धारा जडान गरिएको छ । उक्त धाराबाट करिब एक महिनादेखि पानी वितरण गरी सिँचाइ भइरहेको छ", उहाँले भन्नुभयो ।गण्डकी प्रदेश सरकारको करिब रु एक करोड २९ लाखको लागतमा निर्माण गरिएको लोग्दीटार लिफ्ट सिँचाइ आयोजनाबाट करिब तीन सय उपभोक्ता लाभान्वित भएका छन् । यस्तै, सिस्नेरी ठूलोफाँट लिफ्ट सिँचाइ आयोजनाबाट १२ हेक्टर क्षेत्रफलमा सुविधा पुगेको छ । आयोजना निर्माण भएपछि यहाँ हिउँदमा पनि हरियो सागसब्जी र तरकारी खेती गर्न पर्याप्त सिँचाइ उपलब्ध भएको छ । यस आयोजना विसं २०७५ देखि सुरु भएकामा हाल सम्पन्न भई सञ्चालनमा आएको सूचना अधिकारी चापागाईंले जानकारी दिनुभयो ।

विश्व बाघ दिवसः सङ्ख्या बढेसँगै संरक्षणमा चुनौती

नारायण अधिकारी

चितवन, १४ साउन रासस। नेपालमा बाघको सङ्ख्या बढेसँगै संरक्षणमा नयाँ चुनौती थपिएका छन् । लक्ष्य लिएभन्दा बढी सङ्ख्यामा बाघ बढेपछि बासस्थान र आहारा व्यवस्थापन चुनौती बनेको हो। यससँगै मानवसँगको द्वन्द्व पनि बढ्दै गएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले जनाएको छ । सन् २०२२ मा गरिएको राष्ट्रिय बाघ सर्वेक्षणअनुसार नेपालमा बयस्क बाघको सङ्ख्या तीन सय ५५ पुगेको छ । तीमध्ये चितवन राष्ट्रिय निकुञ्जमा मात्रै यो सङ्ख्या एक सय २८ रहेको राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले जानकारी दिनुभयो । पाटेबाघ विश्वका १३ देशमा पाइन्छ । विश्वमा बाघ पाइने १३ मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा रसियाको सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको सङ्ख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता गरेको थियो। तत्कालीन समयमा नेपालमा एक सय २१ बाघ थिए। सन् २०२२ मा आइपुग्दा यो सङ्ख्या दुई सय ४२ पुऱ्याउने लक्ष्य लिइएकामा लक्ष्यअनुसारको सङ्ख्या बढेर तीन सय ५५ पुगेको छ । यो देशकै लागि सफलता मानिए पनि यसपछिका चुनौतीहरू भने थपिएका छन् ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी तिवारीले गत आर्थिक वर्षमा निकुञ्जमा आठवटा बाघ मरेका जानकारी दिनुभयो । बाघ मरेको कम थाहा हुने भन्दै उहाँले निकुञ्ज सुरक्षाको क्रममा बढी गस्ती गरिएकाले बाघ धेरै मरेका हुनसक्ने बताउनुभयो । बासस्थानका लागिसमेत बाघहरू एकआपसमा लडेर मृत्यु हुने गरेको तिवारीको भनाइ छ ।

"यो अवधिमा चारजनाको बाघको आक्रमणबाट मृत्यु भएको छ । निकुञ्जभित्र र बाहिर यस्ता घटना हुने गरेका छन् । एक जनाको निकुञ्जभित्रको कोर क्षेत्रमा र अन्यको मध्यवर्ती वन क्षेत्रमा बाघको आक्रमणबाट मृत्यु भएको हो", उहाँले भन्नुभयो ।

सूचना अधिकारी तिवारीले केही वर्ष अघि गरिएको अध्ययनले चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा एक सय ७५ बाघका लागि बासस्थान पुग्ने देखाएको थियो। बासस्थान व्यवस्थापनमा सुधार गरेमा अरु थप बाघ रहन सक्ने देखिएको उहाँको भनाइ छ । चितवन र पर्सा राष्ट्रिय निकुञ्ज एकआपसमा जोडिएका छन् ।

बाघको आहार प्रजाति पर्याप्त नहुँदा शिकारका लागि बाघ बाहिर बस्तीमा प्रवेश गर्ने र घटना हुने गरेको छ। निकुञ्जभित्र र आसपासका क्षेत्रमा बाघ हिंस्रक बनेसँगै नियन्त्रणमा लिएर राख्ने गरिएको छ । निकुञ्जको मुख्यालय कसरा र भरतपुरको देवनगरमा पाँच वटा बाघ खोरमा राखिएको छ। कसरामा तीनवटा छन् भने देवनगरमा दुईवटा छन् ।

सौराहामा खोर मर्मत हुँदै गरेकाले अहिले बाघ नराखिएको निकुञ्जका सूचना अधिकारी तिवारीले बताउनुभयो । नियन्त्रणमा लिएर राखिएका बाघको हेरचाहका लागि समेत कठिनाइ हुने गरेको उहाँको भनाइ छ

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले बाघको सङ्ख्या बढेसँगै चुनौती पनि थपिएको बताउनुभयो ।

बासस्थानको व्यवस्थापन गर्न नसक्दा मानव बस्तीमा बाघ प्रवेश गरेर द्वन्द्व बढाएको उहाँले उल्लेख गर्नुभयो । सरकारले बासस्थान व्यवस्थापनमा पर्याप्त बजेट विनियोजन गरेर निकुञ्जभित्र आहारको व्यवस्था गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

अध्यक्ष ढुङ्गानाले बाघको आहारा प्रजाति मानव बस्तीमा आएर बालीनाली खाइदिने र उनीहरूको सिकारका लागि बाघ पनि मानव बस्तीमा आउने गरेको बताउनुभयो । मध्यवर्ती क्षेत्रमा निकुञ्जमा उठेको राजस्वको ३० देखि ५० प्रतिशत विनियोजन गरेर मेसजाली, कम्पाउन्ड वाल, मध्यवर्तीमा भौतिक पूर्वाधार र संरक्षण शिक्षाका कार्यक्रम गर्दै आएकामा पछिल्ला वर्षहरूमा बजेट न्यून आएसँगै थप समस्या भएको उहाँले जानकारी दिनुभयो । सङ्कलन भएको राजस्वको २० प्रतिशतभन्दा तल मध्यवर्तीमा बजेट आएको भन्दै उहाँले यसले थप द्वन्द्व बढाउने अवस्था सिर्जना गरेको बताउनुभयो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा सिन्धुप्रसाद ढुङ्गानाले बाघको सङ्ख्या बढेसँगै आहारा प्रजाति बढाउनुपर्नेमा जोड दिनुभयो । निकुञ्जभित्र बासस्थानको व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो । बाघले आफ्नै क्षेत्र निर्धारण गरेर बस्ने भन्दै महानिर्देशक डा ढुङ्गानाले सङ्ख्या थपिएसँगै सेञ्चुरी निर्माण गरेर यसको संरक्षण गर्नुपर्ने अवस्था आएको बताउनुभयो । विचरण गर्न सक्ने ठूलो खुल्ला खोर (सेञ्चुरी) निर्माण गर्ने योजनामा विभाग रहेको उहाँले जानकारी दिनुभयो ।

कतिपय देशहरूमा बाघ उपहार दिएर 'बाघ कूटनीति' अपनाउने विषयमा पनि छलफल भइरहेको महानिर्देशक ढुङ्गानाले बनाउनुभयो । यसबाट अन्य देशहरूमा मित्रता बढाउन सहयोग पुग्ने उहाँको भनाइ छ । बाघलाई मानव बस्तीमा आउन नदिने गरी भित्रै व्यवस्थापन गर्ने विषयमा विभागको ध्यान गएको महानिर्देशक ढुङ्गानाले बताउनुभयो। उहाँले भन्नुभयो, "आहारा प्रजाति बढाउन आवश्यक घाँसमैदान, पानीपोखरी र सिमसार क्षेत्र सुधार कार्यक्रम अगाडि बढाउने योजनामा छौं ।"

यस्तै, बासस्थानमा सुधार भएपछि शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पाटेबाघको सङ्ख्या बढेर ३६ पुगेको छ । बासस्थानमा सुधार आएसँगै आहारा प्रजातिका जनावर प्रयाप्त हुनुका साथै चोरी शिकारी नियन्त्रणले पाटेबाघको सङ्ख्या बर्सेनि बढ्दै गएको हो ।निकुञ्जमा भाले पाटेबाघ १२, पोथी १६ र अन्य आठ गरी ३६ वटा बाघ रहेका कार्यालयका सूचना अधिकारी मनोज ऐरले जानकारी दिनुभयो । उहाँका अनुसार ३६ मध्ये २८ बाघ क्यामेरा ट्र्यापिङामा देखा परेका हुन् ।सन् २०१९ अघिसम्म पाटेबाघको सङ्ख्या निकुञ्जमा १७ थियो । त्यसपछि बाघको सङ्ख्या बढ्दै गएर दोब्बर भएको ऐरले बताउनुभयो । थोरै क्षेत्रफल भएको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाघको धेरै घनत्व भएको क्षेत्रका रूपमा रहेको सूचना अधिकारी मनोज ऐरको भनाइ छ ।

"निकुञ्जको कोर क्षेत्रमा रहेको शुक्लाफाँटमा सबैभन्दा बढी बाघको घनत्व रहेको छ", उहाँले भन्नुभयो, "त्यसपछि निकुञ्जको चौधर नदी आसपासको क्षेत्र, शिकारी ताल क्षेत्र बाघको बासस्थानका रूपमा रहेको छ ।" अनुगमनका क्रममा चुरे क्षेत्रमा पनि एउटा पाटेबाघ देखापरेको उहाँले जानकारी दिनुभयो ।

ऐरका अनुसार पाटेबाघको आहारा प्रजातिका लागि चरन क्षेत्रमा सुधार भएसँगै पानीको कमी हुन नदिन निकुञ्जभित्र कृत्रिम पोखरी निर्माण गरी निरन्तर रूपमा पानीको व्यवस्था गरिँदै आइएको छ । निकुञ्जमा ५५ बढी सानाठूला प्राकृतिक ताल छन् ।

"निकुञ्ज नजिकै भारतीय दुधुवा नेशनल पार्क पर्दछ। बाघले सीमा वारपार गर्ने भएकाले पनि कहिलेकाही बाघको सङ्ख्या कमबढी देखिन्छ । पाटेबाघ भारतीय लग्गा वग्गा नेशनल पार्क हुँदै पिलिभितसम्म ओहरदोहर गर्ने गरेको पाइएको छ", ऐरले भन्नुभयो । उहाँका अनुसार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनअनुसार संरक्षित वन्यजन्तु (अनुसूची १०) मा पाटेबाघ सूचीकृत छ ।सन् १९७४ देखि मात्रै शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ संरक्षण गर्न थालिएको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार पाटेबाघ मार्ने तथा यसका अङ्गको चोरी शिकारीमा संलग्न व्यक्तिलाई १५ वर्ष कैद र रु १० लाखसम्म जरिवानाको व्यवस्था गरिएको छ। बाघ गणनाको कार्य भने सन् १९९९ देखि हुँदै आएको निकुञ्ज कार्यालयले जनाएको छ।

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

हाट बजार ठेक्का बदोबस्तसम्बन्धी संशोधित सूचना

(प्रथमपटक प्रकाशित मिति :२०८१/०४/१५ गते)

नेपालको संविधान २०७२ को अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ तथा यस नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८१।०४।१४ गतेको निर्णयबमोजिम नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र रहेका तपसिलबमोजिमका बजारहरूको आगामी आ.व. २०८१।८२ का लागि नियमित हाट बजार सेवा शुल्क (राजश्व) उठाउने प्रयोजनका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संस्था वा कम्पनीहरूबाट निम्न शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तनामा

१. यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र यस कार्यालयको नाममा श्री कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढीमा रहेको आन्तरिक राजस्व खाता नं. २६४०२४७७०२८००००१ मा रु. ३०००/- (रु.तीन हजार रुपैयाँ, पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर वा यस नपाको राजस्व उपशाखामा नगदै बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। इजाजत प्राप्त कम्पनीको हकमा नवीकरण भएको ठेक्का इजाजत पत्र, स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र निवेदन साथ पेश गर्नुपर्नेछ।
२. रितपूर्वक भरिएको दरभाउपत्र फारम प्रथमपटक सूचना प्रकाशित भएको मितिले सात (७)औं दिन दिनको १२.०० बजेसम्ममा यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएको दरभाउपत्र सोही दिनको २.०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। दर भाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. दरभाउपत्र साथै तपशिलमा उल्लेखित धरौटीबापतको (कबोल अंकको ५ प्रतिशत) रकम यस कार्यालयको श्री कुमारी बैंक लिमिटेडको शाखा कार्यालय धनगढीमा रहेको धरौटी खाता नं. २६४०२४७७०२८०००१२ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरू (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा १२०(एक सय बीस) दिनको मान्य अवधि भएको सक्कल बिडबण्ड (Bid Bond) पेश गर्नु पर्नेछ।
४. दररेट भर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट भर्नु पर्नेछ।
५. दरभाउपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं. कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना आदि स्पष्ट रूपमा खुलाउनु पर्नेछ।
६. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ।
७. एक फर्मको नामबाट खरिद भएको दरभाउपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन।
८. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र माथि कारबाही हुने छैन।
९. दरभाउपत्र आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
१०. यस ठेक्काबापत नेपाल सरकारलाई बुझाउनु पर्ने मू.अ.कर लगायत सम्पूर्ण कर दस्तुर, महसुल आदि ठेकेदारले नै बुझाउनु पर्नेछ।
११. सेवा शुल्क असुल गर्दा करदातालाई दिइने रसिद नगर कार्यपालिकाको कार्यालयले तोकिदिएको ढाँचा ठेकेदारको तर्फबाट छपाई सि.नं.००१ देखि संख्या (Numbering) सुरु गरी नगर कार्यपालिकाको कार्यालयमा ल्याई नगरकार्यपालिकाको कार्यालयको छाप लगाई प्रमाणित भए पछि मात्र प्रयो ग गर्न पाईनेछ। विना छापको रसिद प्रयोग गरेको फेला परेमा नगर कार्यपालिकाको कार्यालयद्वारा कानुनी कारबाही हुनेछ। साथै नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराइने हाट बजार सेवाको दररेटहरूको वोर्ड बनाई ठेकेदारले नै राख्नुपर्नेछ।,
१२. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटीलगायत बुझाएको सम्पूर्ण रकम समेत जफत गरिनेछ।
१३ सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयको सूचनापाटीमा टास गरी जानकारी गराइनेछ साथै सूचनासम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
१४. ठेकेदारले शूल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर, ठेगाना खुलेको नामावली नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। त्यसरी नियुक्त कर्मचारीले तोकिएको शुल्कभन्दा बढी रकम उठाएमा वा नगरपालिकाको अहित हुने कार्य गरेमा त्यसको उत्तरदायित्व ठेकेदारले नै व्यहोर्नु पर्नेछ।
१५. नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा फरक मूल्य निर्धारण गरी संकलन गर्न पाउने छैन।
१६. तपसिलबमोजिमको न्यूनतम अंक भन्दा माथि कबोल गर्नु पर्नेछ। साथै दरभाउपत्र पेश गर्दा प्रत्येक प्याकेजको दरभाउ पत्र छुटाछुटै शिलबन्दी गरी पेश गर्नु पर्नेछ। यसरी पेश गरिएका शिलबन्दी दरभाउपत्रको छुट्टा छुट्टै मूल्यांकन गरिनेछ। शिलबन्दी दरभाउपत्रमा दरभाउपत्रदाताले रीतपूर्वक सहीछाप गरेको हुनु पर्नेछ।
१७. दरभाउपत्र स्वीकृत भए पछि ठेक्काबापतको कबोल अंक बढीमा दुई किस्तामा बुझाउनु पर्नेछ। यसरी दुई किस्तामा बुझाउने भएमा पहिलो किस्ताबापत ठेक्का कबोल अंकको ६० प्रतिशत बराबर हुन आउने रकम बुझाई दोस्रो किस्ताबापतको बाँकी ४० प्रतिशत रकम बराबरको यस कार्यालयका नाउँमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैङ्कवाट जारी गरिएको कम्तीमा १३ महिना म्याद भएको कार्य सम्पादन जमानत पत्रको सक्कल प्रति चलन पुर्जी लिनु अगाबै पेश गर्नु पर्नेछ।
१८. सूचनामा उल्लेख भएकोमा सोहीबमोजिम र अन्य कुराहरूको हकमा रकम र सरकारी ठेक्का बन्दोबस्ती ऐन,२०२० नियम,२०२२ तथा प्रचलित कानुनबमोजिम हुनेछ।
१९. अन्य थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ वा यस कार्यालयको वेभसाईट : www.dhangadhimaimun.gov.np मार्फत प्राप्त गर्न सकिनेछ।

तपसिल

प्याकेज	आय ठेक्का नं.	कामको विवरण	न्यूनतम दर (मू.अ.कर बाहेक)	धरौटी रकम
१	(I)-DH-MUN-01- 2081/82	धनगढी बजार, जिरोमाईल बजार र छपराडी बजार	रु.१९,७५,०००/- (उन्नाइस लाख पच्चहत्तर हजार रुपैंया मात्र)	कबोल रकमको ५ प्रतिशत
२	(II)-DH-MUN-02- 2081/82	कसहा बजार र भवानीपुर बजार	रु.३,००,०००/- (तीन लाख रुपैंया मात्र)	कबोल रकमको ५ प्रतिशत

धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनगढी, सिरहा